# देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको बैठक

वैठक संख्याः १३-२०८२/०८३

मिति २०८३/०१/२२ समय: विहान ११:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थितीः**

| नामथर | पद |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री राजिव पन्थी | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

**कर्मचारी उपस्थितीः**

| | |
|---|---|
| श्री होमनाथ लामिछाने | शिक्षा अधिकृत ( नि.प्र.प्र. अधिकृत ) |
| श्री गोविन्द प्रसाद पौडेल | सहायक प्रशासकीय अधिकृत |
| श्री जीवन गुरुङ | जिन्सी तथा राजस्व |
| श्री कमल पौडेल | वरिष्ठ प्रशासन सहायक |
| श्री निर्मला गुरुङ | का.स. |

Scanned with CamScanner

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

मितिः २०८३/०१/२२ | वैठक संख्याः १३-२०८२/०८३

**प्रस्तावहरुः**

१. समीक्षा सम्बन्धमा।
२. झोलुङ्गे पुल योजना माग गर्ने सम्बन्धमा।
३. छेरङ्गा खोला लघु जल विद्युत परियोजनाको व्यवस्थापन सम्बन्धमा।
४. देवघाट आधारभूत अस्पताल सञ्चालनार्थ रकम माग सम्बन्धमा।
५. मेडिकल अधिकृतको सेवा करार अनुमोदन सम्बन्धमा।
६. पूर्ण खोप सुनिश्चितता सम्बन्धमा।
७. भूमि प्रशासन सम्बन्धी सेवाहरु स्थानीय तहबाट प्रवाह गर्ने सम्बन्धी भूमि व्यवस्था तथा अभिलेख विभागको परिपत्र सम्बन्धमा।
८. नदिजन्य पदार्थको उत्खनन्को म्याद थपको अनुमोदन सम्बन्धमा।
९. गा.पा कम्पाण्ड भित्र पार्किङ र जेनेरेटरको लागि स्थान व्यवस्थापन सम्बन्धमा।
१०. सोलार खरिद गर्ने सम्बन्धमा।
११. विद्यालय संचालन सम्बन्धमा।
१२. झोलुङ्गे पुल संरक्षण सम्बन्धमा।
१३. विविध।

**निर्णयहरुः**

**निर्णय नं. १:** प्रस्ताव नं. १ का सम्बन्धमा यस अगाडिको बैठकमा गरिएका निर्णयहरु कार्यान्वयन सम्बन्धमा समीक्षा गरियो। कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो।

**निर्णय नं. २:** प्रस्ताव नं. २ का सम्बन्धमा देवघाट गाउँपालिका वडा नं. ५ र भरतपुर महानगरपालिका वडा नं. १ देवघाट जोड्ने झोलुङ्गे पुल २०३३/०३४ सालमा निर्माण भई हालसम्म सञ्चालन भएको तर हाल उक्त झोलुङ्गे पुल जिर्ण भई आवतजावत समेत कठिनाई भई यस क्षेत्रका जनताहरु लगायत हजारौं भक्तजनहरु दैनिक आवात जावत गर्न असहज परिस्थित आएको र उक्त स्थानको झोलुङ्गे पुल नयाँ निर्माण गर्न सस्पेन्सन ब्रिज डिभिजन कार्यालयबाट डि.पि.आर. समेत भएको हुँदा उक्त झोलुङ्गे पुलका लागि यस देवघाट गाउँपालिका वडा नं. ५ का स्थानीय बासिन्दाहरुको भेला र देवघाट गाउँपालिका वडा नं. ५ को सिफारिस अनुसार उक्त पुरानो झोलुङ्गे पुललाई हटाई सोही ठाउँमा नयाँ झोलुङ्गे पुल निर्माण गर्ने सहमति भएको र वडा कार्यालयको सिफारिस अनुसार आ.व. २०८३/०८४ को वजेटमा योजना समावेश गरिदिनु हुन सस्पेन्सन ब्रिज डिभिजन कार्यालय, पुल्चोक ललितपुरलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

तिल वहादुर थापा
अध्यक्ष

Scanned with CamScanner

**निर्णय नं. ३:** प्रस्ताव नं. ३ का सम्बन्धमा देवघाट गाउँपालिका वडा नं. २ स्थित छेरङ्गा खोला लघु विद्युत परियोजनाको मिति २०८३/०१/०८ को पत्र अनुसार उक्त परियोजना बि.सं. २०५७ साल देखि सञ्चालनमा आएको र २०७९ साल देखि राष्ट्रिय केन्द्रिय लाईन प्रशारणमा आई हाल उक्त परियोजना प्रयोजनमा नआएको तर परियोजनाको पुरानो जिन्सी सामाग्रीहरु अलपत्र परेको र बाँकी कार्यालयका अन्य जिन्सी सामाग्रीहरु सामाजिक कार्यमा प्रयोगमा आउन सक्ने भएकोले उक्त सामाग्रीहरु यथोचित प्रयोग गरी सामाजिक कार्यमा सक्रिय रुपमा प्रक्रिया अघि बढाउन व्यवस्थापनको लागि देवघाट गाउँपालिका वडा नं. २ को सिफारिस भई आएकोमा उक्त परियोजनाको व्यवस्थापनको लागि सिफारिस उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४:** प्रस्ताव नं. ४ का सम्बन्धमा देवघाट गाउँपालिका वडा नं. ५ अन्तर्गत देवघाट आधारभूत अस्पताल (१० शैया) सञ्चालनको लागि आ.व. २०८३/०८४ का लागि कार्यक्रम तथा रकम विनियोजनको लागि राष्ट्रिय योजना आयोग, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र अर्थ मन्त्रालयसँग जम्मा रु २ करोड ५० लाख (संघीय अनुदान) रकम माग गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५:** प्रस्ताव नं. ५ का सम्बन्धमा देवघाट गाउँपालिकाको अनुरोधमा चितवन मेडिकल कलेज, भरतपुर , चितवनबाट देवघाट धर्मार्थ अस्पतालमा कामकाजको लागि खटिएका मेडिकल अधिकृत श्री राजकुमार सुरखेतीलाई यस कार्यालयको मिति २०८३/०१/१६ देखि लागु हुनेगरी गरिएको सेवा करार संझौताको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ६:** प्रस्ताव नं. ६ का सम्बन्धमा देवघाट गाउँपालिका अन्तर्गतका वडाहरुमा रहेका स्वास्थ्य चौकीहरुबाट पूर्ण खोप सुनिश्चितता गर्नको लागि न्यनतम मादण्ड पुरा भैसकेकोले जिल्ला खोप समन्य समितिलाई गा.पा पूर्ण खोप सुनिश्चितता गर्नको लागि सिफारिस साथ अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ७:** प्रस्ताव नं. ७ का सम्बन्धमा भूमि व्यवस्थापन, सहकारी तथा गरिबी निवारण मन्त्रालयको मिति २०८३/०१/१० को सूचना र भूमि व्यवस्थापन तथा अभिलेख विभागको मिति २०८३/०१/११ को परिपत्र अनुसार नेपालको संबैधानिक प्रावधान अनुसार हालको भूमिसुधार/मालपोत कार्यालय र नापी कार्यालयहरुबाट प्रवाह हुँदै आएका सेवाहरु स्थानीय तहबाट प्रवाह गर्न यस देवघाट गाउँपालिकाले आवश्यक महशुस गरेको हुँदा आवश्यक पर्ने जनशक्ति तथा पूर्वाधार गाउँपालिकाले नै व्यहोर्ने गरी आवश्यक प्रक्रिया अगाडि बढाइदिन सम्बन्धित मन्त्रालयमा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ८:** प्रस्ताव नं. ८ का सम्बन्धमा देवघाट गाउँपालिकाको आ.व. २०८२/०८३ को ठेक्का नं. ११/२०८२/०८३ कालिगण्डकी नदी कालिभतेरी खण्डबाट नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, ग्राभेल र बालुवा उत्खनन् संकलन तथा व्यवस्थापन गर्ने कार्य र ठेक्का नं. १२/२०८२/०८३ त्रिशुली नदी सेतीभतेरी खण्डबाट नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, ग्राभेल र बालुवा उत्खनन् संकलन तथा व्यवस्थापन गर्ने कार्यको लागि देवघाट गाउँपालिकाको मिति २०८३ बैशाख १६ गतेको कार्यादेश थप सम्बन्धमाको पत्र अनुसारको निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

तिल बहादुर थापा
अध्यक्ष

Scanned with CamScanner

**निर्णय नं. ९:** प्रस्ताव नं. ९ का सम्बन्धमा देवघाट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको कम्पाउण्ड भित्र पार्किङ र जेनेरेटरको लागि स्थान व्यवस्थापनको लागि आवश्यक प्रक्रिया अघि बढाउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १०:** प्रस्ताव नं. १० का सम्बन्धमा देवघाट गाउँपालिकाको विकट क्षेत्रहरुमा हालसम्म विद्युत आपूर्ती नभएको ठाउँमा प्रत्येक घरधुरीलाई ३ वटा बत्ती बल्ने सोलार खरिद गरी वितरण गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ११:** प्रस्ताव नं. ११ का सम्बन्धमा देवघाट गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरु हालसम्म साविक बमोजिम नै सञ्चालन भईरहेकोमा संघीय सरकारको निर्णय बमोजिम सम्पूर्ण कार्यालयहरु शनिबार र आईतबार बिदा दिने व्यवस्था अनुसार सामुदायिक विद्यालयको हकमा वार्षिक पाठ्य घण्टा यथावत् रहने गरी वर्षे विदा, दशैं विदा लगायत अन्य विदाहरुबाट कटौती हुने गरी हप्ताको ५ दिन १०-४ को समयमा विद्यालय संचालन गर्ने गरी शनिबार र आईतबार विदा गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १२:** प्रस्ताव नं. १२ का सम्बन्धमा देवघाट गाउँपालिका वडा नं. ५ र भरतपुर महानगरपालिका वडा नं. १ देवघाट जोड्ने झोलुङ्गे पुल अति जिर्ण भएको हुँदा अनाधिकृत दुई पाङ्ग्रे सवारी साधनहरु आवतजावत गर्दा पर्न गएको कठिनाईलाई न्यूनीकरण गर्नको लागि र झोलुङ्गे पुल संरक्षण गर्नक लागि निम्नानुसार निर्णय गरियो।

क) दुई पाङ्ग्रे सवारी साधन डोऱ्यायर मात्र आवातजावत गर्न सचेत गराउने,

ख) दुई पाङ्ग्रे सवारी साधन आवातजावतको क्रममा जबरजस्ती गरी यात्रुहरुलाई जोखिम पार्ने अवस्था सिर्जना गरेको परिस्थितिमा इलाका प्रहरी कार्यालयलाई नियमानूसार कारबाही गरी जरिवाना गर्ने समेत अनुगमनका लागि अनुरोध गर्ने।

ग) सवारी साधनको आवातजावतलाई न्यूनीकरण तथा नियन्त्रण गर्न स्थानीयहरुको प्रभावकारी सक्रिय सहभागिता अघि बढाउन अनुरोध गर्ने।

**निर्णय नं. १३:** प्रस्ताव नं. १३ का सम्बन्धमा देहाय बमोजिमको विविध निर्णय गर्ने सर्वसम्मत निर्णय गरियो।

क) भूमि समस्या समाधान आयोगबाट प्रकाशित सूचना अनुसार देवघाट गाउँपालिकाको भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरुको संकलित तथ्याङ्क प्रविष्टी गर्न कार्यालय समयमा नसकिने हुँदा अतिरिक्त समयमा (विहान, बेलुका, विदाको दिन) कार्य गरेवापत देवघाट गाउँपालिकाको MIS अपरेटर श्री सम्झना खत्रीलाई रु १०,०००।-( अक्षरुपी रु दस हजार रुपैंया मात्र।) उपलब्ध गराउने निर्णय गरियो।

ख) देवघाट गाउँपालिका वडा नं. ५ भित्रका शाखा बाटोहरुको लागि खाल्डा खुल्डी पुर्ने र ग्राभेल गर्नको लागि त्रिशुली नदी भुवनटारघाटबाट आवश्यक कच्चा पदार्थ IEE को स्वीकृत परिमाण भित्र रहि लागत अनुमान बमोजिम आवश्यक कानूनी प्रक्रिया पुऱ्याई गाउँपालिकाले नै ढुवानी तथा ग्राभेल गर्ने कार्य गर्ने सर्वसम्मत निर्णय गरियो।

तिल बहादुर थापा
अध्यक्ष

Scanned with CamScanner

ग) नेपाल विद्युत प्राधिकरणको मिति २०८३/०१/०८ को पत्रअनुसार देवघाट गाउँपालिका वडा नं. ५ का विभिन्न टोलहरुमा विद्युतिकरणको लागि लागत स्टिमेट प्राप्त भएकोमा सो कार्यको लागि आवश्यकता अनुसार कार्य गर्न प्रक्रिया अघि बढाउने सर्वसम्मत निर्णय गरियो।

घ) देवघाट गाउँपालिका वडा नं. ५ भित्र कालोपत्रे गरेका बाटोहरु खाल्डाखुल्टी परी यातायात आवागमन गर्न कठिनाई परेको हुँदा सो खाल्टो पुर्ने कार्यको लागि लागत अनुमान बमोजिम आवश्यक प्रक्रिया अघि बढाउने सर्वसम्मत निर्णय गरियो।

ङ) इलाका प्रहरी कार्यालय, देवघाट तनहुँको खानेपानीको ट्याङ्की मर्मत गर्न आवश्यक भएको हुँदा देवघाट गाउँपालिकाले लागत अनुमान बमोजिम मर्मत सम्भार गर्ने सर्वसम्मत निर्णय गरियो।

च) देवघाट गाउँपालिका वडा नं. १ को बसेनीटार र वडा नं. ५ को सोलिघोप्टेको लागि आवश्यक पाईप खरिद गरी वितरण गर्ने सर्वसम्मत निर्णय गरियो।

छ) सशस्त्र प्रहरी बल नेलाल नं. २३ हे क्वा मनकामना भानु-२, तनहुँलाई एक कोठे ब्यारेक भवन छानो छाउनको लागि रु. १ लाख ५० हजार रुपैयाँमा नबढ्ने गरी आर्थिक सहयोगको लागि भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो।

देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय देवघाट, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

तिल बहादुर थापा
अध्यक्ष